


वर्ष ४४ | अंक १० | नेपाल राष्ट्र बैंक समाचार | असार २०७७ | जुन-जुलाई २०२०

# भुक्तानी तथा फछ्र्यौट विनियमावली, २०७७ जारी



नेपाल राष्ट्र बैंकले 'भुक्तानी तथा फछ्र्यौट विनियमावली, २०७७' जारी गरेको छ । साविकको भुक्तानी तथा फछ्र्यौट विनियमावली, २०७२ लाई प्रतिस्थापन गर्दै २०७७ जेठ २० गतेदेखि नयाँ विनियमावली जारी गरिएको बैंकले जनाएको छ ।

भुक्तानी तथा फछ्र्यौट ऐन, २०७५ मा उल्लेखित प्रावधान बमोजिम नयाँ विनियमावलीमा आवश्यक नीतिगत व्यवस्था मिलाइएको छ ।

विनियमावलीमा ऐनको दफा ३(१) को खण्ड (ग) बमोजिम नेपाल सरकारबाट नियुक्त हुने विज्ञ सदस्यको निम्ति आवश्यक योग्यता तोकिएको छ । साथै, राष्ट्र बैंकको भुक्तानी प्रणाली विभागको काम, कर्तव्य र अधिकारबारे उल्लेख गरिएको छ। जस अनुसार विभागलाई भुक्तानी प्रणालीलाई सुरक्षित र सक्षम बनाई वित्तीय स्थायित्व कायम गर्न सहयोग गर्ने, भुक्तानी प्रणालीको विश्वसनीयता अभिवृद्धि गर्दै आधुनिकीकरण गर्ने, प्रणालीको नियमन, अनुगमन, निगरानी, निरीक्षणसम्बन्धी कार्य गर्ने/गराउने, रियल टाइम ग्रस सेटलमेन्ट (आरटीजीएस) प्रणालीको सञ्चालन गर्ने जस्ता जिम्मेवारी तोकिएका छन् । यसैगरी, विनियमावलीले राष्ट्रिय भुक्तानी स्वीच र भुक्तानी द्वार जस्ता पूर्वाधारको स्थापना गरी सञ्चालन गर्ने, सार्क पेमेन्ट काउन्सिल र अन्य अन्तर्राष्ट्रियस्तरमा भएका भुक्तानीसम्बन्धी सम्झौताको कार्यान्वयनसम्बन्धी कार्य गर्ने, विद्युतीय भुक्तानीसम्बन्धी जनचेतनाको कार्य गर्ने, अर्थतन्त्रलाई नगदरहित तुल्याउन आवश्यक कार्य गर्नेलगायतका जिम्मेवारी विभागलाई तोकिदिएको छ ।

भुक्तानी तथा फछ्र्यौट सेवा सञ्चालन गर्न कम्पनी स्थापना गर्नुपूर्व भुक्तानी तथा फछ्र्यौट ऐन, २०७५ को दफा ७ तथा अनुमति नीतिमा तोकिएको प्रक्रिया पूरा गरी आशयपत्र लिनुपर्ने र त्यस्तो पत्र लिएको छ महिनाभित्र कम्पनी स्थापना गरी अनुमतिपत्रको लागि निवेदन नदिएमा आशयपत्र स्वतः रद्द हुने प्रावधान विनियमावलीमा राखिएको छ ।

भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाको सञ्चालक समिति र कार्यकारी प्रमुखसम्बन्धी व्यवस्था विनियमावलीमा राखिएको छ । जस अनुसार प्रत्येक संस्थामा कम्तीमा तीनदेखि बढीमा सात जना सञ्चालक रहेको सञ्चालक समिति रहनेछ । सञ्चालकको पदावधि सामान्यतया चार वर्षको हुने र त्यस्तो सञ्चालकको पुनःनियुक्ति हुनसक्ने व्यवस्था विनियमावलीमा छ । विनियमावलीले सञ्चालकको निम्ति आवश्यक पर्ने योग्यतासमेत तोकिदिएको छ । सञ्चालक समितिको अध्यक्षले राष्ट्र बैंकको डेपुटी गभर्नर वा भुक्तानी प्रणाली विभागको कार्यकारी

निर्देशकसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्नेछ । विनियमावलीमा संस्थाको कार्यकारी प्रमुखको योग्यता, उमेर र अन्य मापदण्डसम्बन्धी व्यवस्थासमेत राखिएको छ ।

भुक्तानी सेवा सञ्चालनसम्बन्धी अनुमतिपत्र प्राप्त गरेको संस्थाले पत्र पाएको मितिले छ महिनाभित्र सेवा सञ्चालन गर्नुपर्नेछ । उक्त अवधिभित्र सेवा सञ्चालन गर्न नसकेमा सोको मनासिब कारणसहित निवेदन दिएमा तीन महिनासम्मको अवधि थप गर्न सकिने व्यवस्था विनियमावलीमा रहेको छ । अनुमतिपत्रप्राप्त संस्थाले अर्द्धवार्षिक रुपमा आन्तरिक र वार्षिक रुपमा बाह्य लेखापरीक्षण गराउनुपर्नेछ ।

विनियमावली अनुसार, संस्थाले आफ्नो व्यावसायिक कारोबार, हिसाबमिलान, आबद्ध ग्राहक संख्या र मौज्दात रकमलगायतका विवरण महिना समाप्त भएको १५ दिनभित्र राष्ट्र बैंकसमक्ष पेश गर्नुपर्नेछ। यस्तै, भुक्तानी सेवा प्रदायक संस्थाले सञ्चालन गरेको वालेट वा इ-मनीको रुपमा रहेको विद्युतीय रकमको कुल मौज्दात विवरण दैनिक रुपमा विद्युतीय माध्यमबाट बैंकसमक्ष पेश गर्नुपर्ने प्रावधान समेत विनियमावलीमा राखिएको छ ।

विनियमावलीले सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापसम्बन्धी लगानीमा संलग्न हुन सेवा प्रदायक संस्थाहरुलाई रोक लगाएको छ। साथै, संस्थाले गर्ने कारोबारमा समेत यस प्रकृतिका गैरकानूनी काम कारवाही गर्न नपाइने विनियमावलीमा उल्लेख छ । भुक्तानी सेवा प्रदायक संस्थाले ग्राहकको हित संरक्षण हुनेगरी आवश्यक नीतिगत व्यवस्था गर्नुपर्ने प्रावधान विनियमावलीमा राखिएको छ । विनियमावलीमा संस्थाले भुक्तानीको सुरक्षा र सेवा प्रदान गर्ने सम्बन्धमा विभिन्न शर्तहरु तोकिएको छ । सोही बमोजिम ग्राहकसँग आवश्यक सम्झौता गर्नुपर्ने विनियमावलीमा तोकिएको छ । संस्थाले भुक्तानी उपकरण सञ्चालन गर्दा ग्राहकको पहुँच सम्बन्धी नीतिगत व्यवस्था स्पष्ट र विभेदरहित बनाउनुपर्ने विनियमावलीमा उल्लेख छ ।

विनियमावली अनुसार भुक्तानी उपकरणमार्फत गरिने कारोबारको सीमा राष्ट्र बैंकले समयसमयमा निर्धारण गरेबमोजिम हुनेछ । भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थाले न्यूनतम सुरक्षा तथा गोपनीयताका सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्डसम्बन्धी प्रचलित व्यवस्थाको पालना गर्नुपर्नेछ। विनियमावलीमा भुक्तानी उपकरण जारी गर्ने संस्थाले पूरा गर्नुपर्ने विभिन्न मापदण्डको व्यवस्था समेत गरेको छ ।

विनियमावलीमा विद्युतीय चेक, इ-मनी (वालेट), स्वीफ्ट र अन्तर बैंक कारोबारमार्फत हुने भुक्तानीका सम्बन्धमा आवश्यक नीतिगत व्यवस्थाहरु गरेको छ । चेक क्लियरिङ तथा फछ्यौंट, भुक्तानी कारोबारको फछ्यौंट र आरटीजीएस प्रणालीबाट हुने फछ्यौंट प्रक्रियाको बारेमा समेत विनियमालीमा उल्लेख छ ।

विनियमावलीमा भुक्तानी सेवा प्रदायक संस्थाको स्वैच्छिक खारेजीसम्बन्धी व्यवस्थाका साथै तोकिएको मापदण्डबमोजिम सेवा सञ्चालन नगर्ने संस्थाको अनुमतिपत्र खारेज गर्नसक्ने प्रावधानसमेत विनियमावलीमा राखिएको छ ।

भुक्तानी सेवा प्रदायक संस्थाहरु एकआपसमा गाभ्न, गाभिन र प्राप्ति गर्नको निम्ति विनियमावलीले मार्ग प्रशस्त गरिदिएको छ। यस विषयमा कार्यविधि बनाई लागू गरिने विनियमावलीमा उल्लेख छ। पब्लिक कम्पनीको रुपमा दर्ता भई बैंकबाट भुक्तानी सेवा सञ्चालनको लागि अनुमतिपत्र प्राप्त गरेको संस्थाले सेवा प्रारम्भ गरेको तीन वर्षभित्रमा कम्तीमा बीस प्रतिशत शेयर सर्वसाधारणमा जारी गर्नुपर्ने व्यवस्था विनियमावलीमा छ । भुक्तानी तथा फछ्यौंट सेवा सञ्चालन, सेवा प्रवाह वा उपकरण जारी गर्ने वा प्रयोग गर्ने कार्यसँग सम्बद्ध संस्थाले अन्य संस्थासँग सम्झौता गरी बाह्य सेवा परिचालन (आउट-सोर्सिङ्ग) गर्नसक्ने व्यवस्थासमेत विनियमावलीमा छ। संस्थाले भुक्तानी उपकरण जारी गर्ने, सेवा प्रदान गर्ने वा सञ्चालन गर्ने कार्यलाई एजेण्टमार्फत समेत गर्न सकिने प्रावधान विनियमावलीमा राखिएको छ ।

अनुमतिपत्रप्राप्त संस्थाले आफ्नो कारोबार सञ्चालनका क्रममा सुरक्षा नीति तथा ढाँचा र सुरक्षाका उपायका सम्बन्धमा गर्नुपर्ने नक्साङ्कन, अनुगमन र नियमित सुरक्षा परीक्षणको अतिरिक्त अवलम्बन गर्नुपर्ने विभिन्न सुरक्षा मापदण्डको व्यवस्थासमेत भुक्तानी तथा फछ्यौंट विनियमावलीमा राखिएको छ ।

# कार्यकारी निर्देशक तिम्सिनालाई विद्यावारिधि उपाधि



राष्ट्र ऋण व्यवस्थापन विभागका कार्यकारी निर्देशक नीलम तिम्सिना ढुङ्गानाले विद्यावारिधि उपाधि हासिल गर्नुभएको छ । उहाँलाई "A Study on Lending Behavior and Monetary Transmission Mechanism of Nepalese Commercial Banks" शीर्षकको शोध कार्यका लागि Mewar University, Gangrar, Chittorgarh, Rajasthan, India ले व्यवस्थापन सङ्कायतर्फको विद्यावारिधि उपाधि प्रदान गरेको हो । युनिभर्सिटीले २०१९ जुलाई ९ का दिन कार्यकारी निर्देशक तिम्सिनालाई विद्यावारिधि उपाधिसहितको प्रमाणपत्र प्रदान गरेको थियो । नेपाल राष्ट्र बैंक समाचार कार्यकारी निर्देशक तिम्सिनालाई हार्दिक बधाई ज्ञापन गर्दछ ।

# सफा नोट नीतिसम्बन्धी परिपत्र

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूका लागि २०७७ जेठ ११ गते सफा नोट नीतिसम्बन्धी नयाँ परिपत्र जारी गरेको छ।

२०७३ वैशाख १२ गते जारी गरिएको सफा नोट नीति, २०७३ मा संशोधन गर्दै मुद्रा व्यवस्थापन विभागले नयाँ परिपत्र जारी गरेको हो । विभागको परिपत्र अनुसार बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थामा प्राप्त हुने नोटरूलाई एटीएमलगायतका माध्यमबाट चलनचल्तीमा पठाउन योग्य, काउण्टरबाट चलनचल्तीमा पठाउन योग्य र चलनचल्तीमा पठाउन अयोग्य गरी तीन वर्गमा छुट्याउनुपर्नेछ। एटीएमलगायतका मेशीनबाट पठाउन योग्य नोटको प्याकेटमा हरियो, काउण्टरबाट भुक्तानी दिइने प्याकेटमा सेतो र चलनचल्तीमा पठाउन अयोग्य प्याकेटमा रातो रङको स्लिप प्रयोग गर्नुपर्ने परिपत्रमा उल्लेख छ।

नोटमा स्टिच लगाउन नपाइने विगतको व्यवस्थालाई नयाँ परिपत्रमा निरन्तरता दिइएको छ। नोटको प्याकेटमा आवश्यकता अनुसार रबर, प्लाष्टिक वा पेपर ब्याण्डको प्रयोग गर्न सकिने परिपत्रमा जनाइएको छ । साथै, नोटमा नलेख्ने, केरमेट नगर्ने र हिफाजत गर्ने/गराउने व्यवस्था मिलाउन समेत राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिएको छ।

झुत्रिएको, मक्किएको, जलेको, गलेको, लुलो भएको, कीराले खाएको, पानीले भिजेको, छपाई बिग्रेको, नोटमा रहेका अक्षर, अङ्क, चित्र, सुरक्षण विशेषता नबुझिने वा बिग्रनेगरी रङ लागेको, लेखिएको, कोरिएको, मेटिएको, च्यातिएको वा पूर्वराजाको तस्वीर अङ्कित नोटलाई पुनः निष्काशन अयोग्य नोटको रूपमा वर्गीकरण गर्नुपर्ने र त्यस्ता नोटलाई चलनचल्तीमा पठाउन नमिल्नेसमेत परिपत्रमा उल्लेख छ । चलनचल्तीमा पठाउन अयोग्य नोटलाई नेपाल राष्ट्र बैंक, नोट कोष वा आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गर्न समेत राष्ट्र बैंकले निर्देशन दिएको छ।

भुक्तानी वा सटहीपूर्व नोटलाई निश्चित प्रक्रिया अपनाई जीवाणु तथा भाइरसरहित गर्नुपर्नेसमेत परिपत्रमा उल्लेख छ । साथै, नोट राख्ने दराज, फर्निचर, ढुकुटी, नोट ओसारपसार गर्ने सामग्री सफा राख्न तथा नोट भण्डारण गर्ने ढुकुटी र कारोबार गर्ने कक्षमा यथोचित प्रकाश एवम् एक्झस्ट पंखा (Exhaust Fan) को प्रयोग गरी पर्याप्त हावाको व्यवस्था मिलाउनसमेत राष्ट्र बैंकले निर्देशन दिएको छ।

# कार्यकारी निर्देशकको सरुवा

२०७७ जेठ ३० गतेको निर्णयानुसार नेपाल राष्ट्र बैंकका पाँच जना कार्यकारी निर्देशकहरुको सरुवा भएको छ । जनशक्ति व्यवस्थापन विभागको सूचना अनुसार असार १ गतेदेखि लागू हुनेगरी उहाँहरुको सरुवा भएको हो।

विभागका अनुसार आन्तरिक लेखापरीक्षण विभागका भुवन कडेल भुक्तानी प्रणाली विभाग, जनशक्ति व्यवस्थापन विभागका पिताम्बर भण्डारी वित्त कम्पनी सुपरिवेक्षण विभाग, भुक्तानी प्रणाली विभागका रेवतीप्रसाद नेपाल मुद्रा व्यवस्थापन विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभागका रामु पौडेल जनशक्ति व्यवस्थापन विभाग र मुद्रा व्यवस्थापन विभागका विश्रुत थापा आन्तरिक लेखापरीक्षण विभागमा सरुवा हुनुभएको छ।

# बैंकिङ सेवासम्बन्धी निर्देशन

नेपाल राष्ट्र बैंकले २०७७ असार १ देखि साविकको कार्यालय समयमै कार्यालय सञ्चालन गर्न बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिएको छ। बैंक तथा वित्तीय संस्था नियमन विभागले जेठ ३२ गते सूचना जारी गर्दै यस्तो निर्देशन दिएको हो।

सेवाग्राहीको चापलाई मूल्याङ्कन गरी बढी भीडभाड हुने स्थानमा आवश्यकता अनुसार सिफ्ट बनाई बिहान आठदेखि साँझ छ बजेसम्म सेवा प्रदानको सुनिश्चितता गर्नुपर्ने सूचनामा उल्लेख छ । साथै, सेवाग्राहीको भीडभाड नहुने र दुरी कायम हुनेगरी लामबद्ध हुने व्यवस्था मिलाई सेवा प्रवाह गर्नसमेत विभागले सूचित गरेको छ।

विभागको सूचना अनुसार बैंक तथा वित्तीय संस्थाले सेवा प्रवाहमा प्रत्यक्ष सम्पर्कमा रहने जनशक्ति तथा सेवाग्राहीको स्वास्थ्य सुरक्षा र संक्रमणको सम्भावनालाई न्यूनीकरण गर्न आवश्यक स्वास्थ्य सुरक्षाका न्यूनतम उपायहरू अवलम्बन गर्नुपर्नेछ । साथै, विद्युतीय माध्यमबाट हुने कारोबारलाई थप प्रोत्साहित गर्नसमेत विभागले सूचित गरेको छ।

# सह-प्रवक्तामा तिमिल्सिना

नेपाल राष्ट्र बैंकको सह-प्रवक्तामा गभर्नर कार्यालयका निर्देशक सत्येन्द्र तिमिल्सिना तोकिनुभएको छ। गभर्नर महा प्रसाद अधिकारीले २०७७ जेठ ४ देखि लागू हुनेगरी निर्देशक तिमिल्सिनालाई सह-प्रवक्ता तोक्नुभएको हो । निर्देशक तिमिल्सिना २०६२ सालमा सहायक निर्देशकको रुपमा बैंक सेवामा प्रवेश गर्नुभएको थियो।

## Major Financial Indicators

as on Jestha End, 2077 (Mid-June, 2020)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 87.09 | 10.70 | 2.23 | 100.03 |
| 2 | Total Credit/GDP | 75.15 | 8.93 | 1.97 | 86.05 |
| 3 | Total Credit/ Total Deposit | 86.29 | 83.45 | 88.07 | 86.03 |
| 4 | CCD Ratio[#] | 71.93 | 72.79 | 71.94 | 72.02 |
| 5 | Fixed Deposit/Total Deposit | 46.72 | 46.67 | 55.02 | 46.90 |
| 6 | Saving Deposit/Total Deposit | 31.33 | 29.45 | 27.55 | 31.05 |
| 7 | Current Deposit/Total Deposit | 9.66 | 10.40 | 0.36 | 9.53 |
| 8 | Call Deposit/Total Deposit | 11.25 | 13.30 | 13.22 | 11.51 |
| 9 | NPL/ Total Loan[@] | 1.72 | 1.48 | 6.76 | 1.81 |
| 10 | Total LLP @ /Total Loan | 2.15 | 11.44 | 8.87 | 3.27 |
| 11 | Deprived Sector Loan/Total Loan[$@] | 6.47 | 9.75 | 8.44 | 6.85 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 9.28 | 9.19 | 13.20 | 9.36 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 14.81 | 7.38 | 9.08 | 13.89 |
| 3 | Total Liquid Assets/Total Deposit | 25.05 | 27.96 | 32.35 | 25.53 |
| **C. Capital Adequacy Ratios (%)[@]** | | | | | |
| 1 | Core Capital/RWA | 11.23 | 13.11 | 18.62 | 11.55 |
| 2 | Total Capital/RWA | 13.38 | 14.22 | 19.99 | 13.59 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 27 | 23 | 22 | 72 |
| 2 | No. of Branches | 4,239 | 1,216 | 239 | 5,694 |
| 3 | No. of Deposit Accounts[@] | 26,568,299 | 4,668,363 | 649,117 | 31,885,779 |
| 4 | No.of Loan Accounts[@] | 1,150,750 | 329,196 | 45,489 | 1,525,435 |
| 5 | No. of Branchless Banking Centers[@] | 1,586 | - | - | 1,586 |
| 6 | No. of Branchless Banking Customers[@] | 190,250 | - | - | 190,250 |
| 7 | No. of Mobile Banking Customers[@] | 9,465,648 | 1,118,251 | 86,173 | 10,670,072 |
| 8 | No. of Internet Banking Customers[@] | 959,636 | 27,334 | 5,754 | 992,724 |
| 9 | No. of ATMs[@] | 3,566 | 328 | 51 | 3,945 |
| 10 | No. of Debit Cards[@] | 6,943,150 | 269,319 | 30,684 | 7,243,153 |
| 11 | No. of Credit Cards[@] | 156,749 | - | - | 156,749 |
| 12 | No. of Prepaid Cards[@] | 65,530 | - | - | 65,530 |

**E. Interest Rate(%)**

| | | |
|---|---|---|
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **6.17** |
| | (a) Saving | 4.19 |
| | (b) Fixed | 9.26 |
| | (c) Call | 2.76 |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **10.43** |

Note:

Bank balance includes money at call

Nominal GDP(At Producer's Price) for 2019/20 Rs. 3,767,043 million(Preliminary)

Adjustments are not included in Credit Deposit Ratio Calculation.

Negative core capital has been excluded in calculation of Capital Adequacy Ratios

$ 6 months prior Total Loan is taken to calculate Deprived Sector Lending Ratio

# Jestha month end (last day) CCD ratio

@ Data as on 3rd Quarter of FY2076/77 (2019/20)

प्रकाशक

नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा

बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext .: १३९/१४०

ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

;Dkfbs

शिवप्रसाद घिमिरे

सम्पादन सहयोगी

विष्णुदत्त पाण्डेय

लालकुमार सुवेदी

नवीना ताम्राकार